क्याफ्स–कर्णाली परियोजना
CAFS-Karnali Project

ADAPTATION FUND
WFP

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

मासिक बुलेटिन

बर्ष १, अंक ७, माघ, २०७६

## कविता (जलवायु परिवर्तनको असर)

वनजङ्गलका विनासले धर्ति भासिदैछ
दिन प्रतिदिन जताततै जङ्गल मासिदैछ

वाली र पानीका मुहान खडेरीले सुक्या
लोपउन्मूख प्रजातिहरु दिन प्रतिदिन लुक्या

हिमालका हिउँ पग्लेर पहाडमा बाढी गै
तराइ क्षेत्र डुवानतिर हुरी र आँधि गै

लाम्खुट्टे नहुने ठाउँमा लाम्खुट्टे भेटियो
वनजङ्गलो विनासले जनावर मेटियो

हिमालको (छिटो) हिउँ पग्लेर समुन्द्रि तालबढ्या
उद्योग धन्दा कलकारखाना घट्नु भन्दा बढ्या

रोगकिराको प्रकोपले अन्नबाली घट्यो
जनसंख्या वृद्धिले अतिक्रमण बढ्यो

वन्यजन्तु बसाइसराई गर्न थालेका छन
मिचाहा प्रजातिहरु बढ्न लागेका छन

समयमा पानी नआई जग्गा रहन्छ बाँझो
बैदेशिक रोजगारले लैगो खेती गर्ने साँचो

पानी पर्ने दिन घट्दैछन तापक्रम बढ्दैछ
जीउका तिउ जसोका तसो समस्या छदैंछ

हरितगृह ग्याँस बढेर तात्दैछ पृथ्वी
सबैजना मिलिकन सुधारौ सृष्टि

नयाँ रोगको प्रकोप बढ्यो उत्पादन कम भयो
हराभरा वन मासियो श्रम खतम भयो

चट्याङ्ग र असिनापानी, आगलागी र हुरी
बाढि, पहिरो प्रकोपले जग्गा जमिन पुरी

महिलामा कामको बोझ बढ्यो
माटो चिस्यान घट्यो

असन्तुलन कायम रहयो
आत्मियता हट्यो

रैथाने बालिको कमि हुन लाग्याको छ
पृथ्वीले चिसो हावा भिक्षा माग्याको छ

असन्तुलन हटाउन सरकार लाग्याको छ
कुसंस्कार रुढिवाद प्रथा अझै बाँच्याको छ

लेखक
मान बहादुर सेजुवाल
सामाजिक परिचालक, हुरिन्डेक, कालिकोट

## परियोजनाको संक्षिप्त परिचयः

परियोजनाको नामः Adapting to Climate Induced Threats to Food Production and Food Security in the Karnali Region of Nepal/ कर्णालीमा खाद्य सुरक्षाका लागि जलवायु परिवर्तन अनुकुलन परियोजना

कार्यान्व्यन अवधिः २०१८–२०२२

मुख्य उद्देश्यः संकटासन्न, खाध असुरक्षित र गरिव घरपरिवारको अनुकूलन क्षमता अभिवृद्धि गर्नु।

आर्थिक सहयोगः अनुकूलन कोष (Adaptation Fund)

कार्यान्वयन गर्ने निकाय (Implementing Entity): संयुक्त राष्ट्रसँघीय विश्व खाद्य कार्यक्रम

कार्यकारी निकायहरु (Executing Entity): नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय र संयुक्त राष्ट्रसँघीय विश्व खाद्य कार्यक्रम

साझेदार गैरसरकारी सँस्थाहरुः मुगुमा ग्रामिण सामुदायिक विकास केन्द्र, जुम्लामा पेस नेपाल र कालिकोटमा हुरेन्डेक नेपाल

कुल बजेटः ९५२७१६० अमेरिकी डलर

अपेक्षित लाभान्वित घरधुरीः १३५५५



कालिकोटको पचलझरनामा निर्माण गरिएको सल्टे मार्मा सिचांई कुलो

## २०७६ माघ महिनामा सम्पन्न मुख्य क्रियाकलापहरु

- गैह्र सरकारी सस्थाका नयां कर्मचारिहरुलाई अभिमुखीकरण तालिम सम्पन्न भएको छ।
- सिस्नो र निगालो प्रशोधन सम्बन्धि ३ वटा उधोग दर्ता भएको छ।
- जुम्ला र मुगुमा स्याउको बिरुवा रोप्नका लागि पूर्वतयारीका (स्थान पहिचान गर्ने तथा खाल्टो खन्ने) कार्य सम्पन्न भएको छ।
- ४ वटा पानीको बहुउपयोगी सिंचाई प्रणाली (MUS irrigation system) सम्बन्धि भौतिक पूर्वाधारका कार्य निर्माणमा रहेका छन। जुम्लामा भित्र खोला, घट्टे खोला सिंचाई योजनाको शुरुवात भएको छ। त्यसैगरी २ वटा लघु जलविद्युत आयोजनामा सहयोग, १ रस्टिक स्टोर, १ नर्सरी स्थापना गर्ने कार्य निर्माणमा रहेका छन।
- ७ वटै गाउपालिकामा पालिका स्तरीय परियोजना इकाई समन्वय समितिको बैठक सम्पन्न भएको छ।

## फोटो फिचर



जुम्लामा संचालित अभिमुखीकरण कार्यक्रम साथमा स्थानिय समुदाय





जुम्लाको तिलामा स्याउको बिरुवा रोप्नका लागि तयार गरिएको खाल्टो

**थप जानकारी तथा सम्पर्कका लागि :**

**क्याफ्स–कर्णाली परियोजना समन्वय इकाई**
वन तथा वातावरण मन्त्रालय
जलवायु परिर्वतन ब्यबस्थापन महाशाखा
सिंहदरबार, काठमाडौं
टेलिफोन नम्बरः ०१ ४२२१४३५, ४२११९९६, ४२११९९७
वेवः www.mofe.gov.np

**संयुक्त राष्ट्रसँघीय विश्व खाद्य कार्यक्रम**
नेपाल केन्द्रिय कार्यालय
चाकुपाट, पाटनढोका सडक, ललितपुर, नेपाल
टेलिफोन नम्बरः ०१ ५२६०६०७